**अवधारणा** AWADHARANA
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 8, September 2024
Published by Creative Democrat Academy

# विवस्त्र रामायण कथामा द्विचर विरोध

**भूमिराज बस्ताकोटी, विद्यावारिधि**
**उपप्राध्यापक, कन्या क्याम्पस, पोखरा**

*Article History : Submitted 19 April 2024; Reviewed 3 June 2024; Accepted 11 July 2024*
*Author: Bhumi Raj Bastakoti Email : bhumiraj2036@gmail.com*

**लेखसार**

प्रस्तुत लेख 'विवस्त्र रामायण' कथामा द्विचर विरोधसँग सम्बन्धित रहेर तयार पारिएको छ । रामायणबाट वस्तु लिएर नवीन अर्थमा त्यसलाई विनिर्माण/पुनर्लेखन गरिएको यस कथामा परम्परा (रामायण) मा स्थापित थुप्रै द्विचरलाई तोडेर प्रस्तुत गरिएको छ । कथामा तोडेर प्रस्तुत गरिएका द्विचर केकस्ता छन् ? भन्ने मूल शोधप्रश्न लिएर अध्ययनलाई अघि बढाइएको छ । कथामा प्रस्तुत द्विचर विरोधको स्थितिलाई चित्रण गर्नु यस अध्ययनको खास उद्देश्य हो । गुणात्मक अनुसन्धान पद्धतिभित्र रही पाठविश्लेषण विधिको उपयोग यसमा गरिएको छ । विनिर्माणले व्याख्या गरेको द्विचर विरोधका बारेमा पूर्व अध्येताका पुस्तक तथा शोधप्रबन्धबाट सैद्धान्तिक आधार निर्माण गरिएको छ । रामायणका विविध पाठभेद पाइने भएकाले यसमा गीताप्रेसद्वारा प्रकाशित श्रीमद्वाल्मीकीय रामायणलाई मूल आधार बनाइएको छ । अध्ययनबाट कथाले खास गरी रामायणमा स्थापित पुरूष/नारी, संस्कृति/प्रकृति, नैतिक/अनैतिक, दैवी/मानवीय जस्ता द्विचरलाई उल्ट्याएर प्रस्तुत गरेको तथ्य प्राप्त हुन आएको छ । यीमध्ये केही परम्पराका सापेक्षमा खुकुलिएर प्रस्तुत भएका र खास गरी नैतिक/अनैतिक द्विचर तोडिएको मात्र नभई विनिर्माण सिद्धान्तले अपेक्षा गरेअनुसार दूस्तरता वा अपोरियातर्फ अग्रसर भएको छ भन्ने निष्कर्ष लेखमा प्रस्तुत गरिएको छ ।

***विशेष शब्दहरू*** : द्विचर विरोध, नैतिक/अनैतिक, पुरूष/नारी, रामायण, विनिर्माण

## विषय परिचय

'विवस्त्र रामायण' कथाकार अर्चना थापाकृत कठपुतला (२०७४) कथासङ्ग्रहमा सङ्गृहीत कथा हो। यसको मूल वस्तु रामायणबाट लिइएको छ । रामायणबाट वस्तु लिए पनि वर्तमानका पात्र र परिवेशको यसमा सघन मिश्रण गरिएको छ । जादुमय यथार्थवादी/स्वैरकाल्पनिक शैलीद्वारा मिश्रित वस्तु र रामायणबाट लिइएको मूल वस्तुप्रति उठाइएका प्रशस्त प्रश्नले कथा विनिर्मित हुन पुगेको छ । पूर्ववत् कुनै रचनालाई विनिर्माण गर्ने थुप्रै आधारमध्येको एक बलियो मान्यता द्विचर विरोध हो । कुनै विचार, पात्र, सन्दर्भ, वा अन्य यस्तै स्थापित मान्यतालाई उल्ट्याएर हेर्नु र अझ त्यसबाट अगाडि बढ्दै दूस्तरता (Aporia) सम्म पुग्नु द्विचर

विरोधको आधारभूत अवधारणा हो । निर्दिष्ट कथामा सबै द्विचर दूस्तरतासम्म पुगेको स्थिति नदेखिए पनि पुरूष/आदर्शकेन्द्री रामायणको जड अर्थलाई नारी/प्रकृतिकेन्द्री कोणबाट पुनर्पठन वा पुर्नर्सिजन गरिएको छ ।

प्रस्तुत लेखमा गुणात्मक अनुसन्धान पद्धति अवलम्बन गरिएको छ । विनिर्माणको प्रमुख मान्यता द्विचर विरोध यसको मूल सैद्धान्तिक आधार हो । कठपुतला कथासङ्ग्रहमा सङ्गृहीत 'विवस्त्र रामायण' कथामा वाल्मीकि रामायणमा स्थापित केकस्ता द्विचरलाई तोडेर/उल्ट्याएर प्रस्तुत गरिएको छ ? भन्ने प्रश्न यसको मूल समस्या हो । रामायणमा स्थापित द्विचरलाई तोडेर प्रस्तुत गरिएको नवीन अर्थलाई खुलाउनु यसको मूल उद्देश्य हो । उद्देश्य पूर्तिका लागि 'विवस्त्र रामायण' कथा तथा रामायणबाट साक्ष्यहरू प्रस्तुत गरी पाठविश्लेषण विधिलाई यसमा अपनाइएको छ । रामायणका विविध पाठभेद पाइने भएकाले यसमा गीताप्रेसद्वारा प्रकाशित श्रीमद्वाल्मीकीय रामायणलाई मूल आधार बनाइएको छ । 'विवस्त्र रामायण' कथालाई द्विचर विरोधबाहेक अन्य कुनै पनि कोणबाट व्याख्या/विश्लेषण नगर्नु यस अध्ययनको सीमा हो । लेखमा सन्दर्भाङ्कन तथा अन्य प्राविधिक पक्षका लागि एपिए शैलीलाई नेपाली भाषा अनुकूलन गरी प्रयोग गरिएको छ ।

'विवस्त्र रामायण' कथाका बारेमा केही पूर्वअध्ययनहरू भएका छन् । यशोदा तिम्सिना (२०७४), उषा थपलिया (२०७४), राम लोहनी (२०७४), कुमार नगरकोटी (२०७४), सुलोचना खनाल (२०७५), सुरज पौडेल (सन् २०२०), विष्णुप्रसाद शर्मा (सन् २०२०), जयदेव गौतम (सन् २०२२), विन्दु शर्मा (सन् २०२२) लगायतले कठपुतला कथासङ्ग्रहको समीक्षा प्रस्तुत गरेका छन् । अधिकांश पूर्वअध्येताले कथासङ्ग्रहका बारेमा परिचयात्मक समीक्षा प्रस्तुत गरेको पाइन्छ । 'विवस्त्र रामायण' कथाका बारेमा राम लोहनी, सुलोचना खनाल र सुरज पौडेलका लेख यस अध्ययनका सापेक्षमा बढी महत्त्वपूर्ण देखिएका छन् । ती लेखमा रामायणबाट मूल वस्तु लिई विनिर्माण गरिएको कथाका रूपमा 'विवस्त्र रामायण'लाई उल्लेख गरिएको छ । खनाल र पौडेलका लेखमा देव/दानव, नैतिक/अनैतिक, सत्य/असत्य, नर/नारीको द्विचरलाई पूरै उल्ट्याएको भने पनि तिनको कहीँ कतै विश्लेषण गरिएको छैन । नारीवादी कोणबाट कथाको विश्लेषणका सन्दर्भमा पौडेलले नारीकेन्द्री बनेर विश्लेषण गरे पनि पुरूष/नारी द्विचरकै कोणबाट भने यसमा पनि पर्याप्त विश्लेषण गरेको देखिँदैन । उपर्युक्त पूर्वकार्यको समीक्षाबाट शोधअन्तराल स्पष्ट देखिएको तथा द्विचर विरोध जस्तो कृति समीक्षाको नवीन पद्धतिको प्रयोग गरी अनुसन्धान कार्य गरिएकाले यस शोधकार्यको औचित्य पुष्टि हुन्छ ।

**सैद्धान्तिक आधार**

द्विचर विरोध (Binary opposition) कृति विश्लेषणको महत्त्वपूर्ण विनिर्माणिक (Deconstructive) पद्धति हो । यसको अवधारणा प्रसिद्ध स्विस भाषाशास्त्री फर्डिनान्ड डी सस्युरको भाषावैज्ञानिक मान्यतासँग सम्बन्धित छ । सस्युरले आफ्ना भाषिक मान्यतालाई सङ्केतक/सङ्केतित, एककालिक/कालक्रमिक, भाषा/वाक्, क्रमात्मक/सहचारीजस्ता द्विचर विरोधमा विभाजन गरी अगाडि बढाएका थिए । सस्युरका भाषिक मान्यतालाई मूल आधार बनाउँदै अघि बढेको संरचनावादको केन्द्रीय अवधारणाका रूपमा द्विचर विरोधलाई लिइन्छ (कडन, सन् १९९९, पृ. ८२) । उनको यस मान्यतालाई अत्यन्तै गहन रूपमा अगाडि बढाउने काम संरचनावादी मानवशास्त्री क्लाउड लेभिस्ट्राउसबाट भएको पाइन्छ । उनले अमेरिकी आदिवासी कविलाका पुराकथा तथा प्राचीन लोककथाको अध्ययन गर्ने सन्दर्भमा द्विचर विरोधलाई मुख्य आधार बनाएको देखिन्छ (भट्टराई, २०६७,

पृ. ३५४) । लेभिस्ट्राउसले मानवमनको विशेषता नै द्विचर विरोधमा सोच्नु हो भन्ने कुरा बताएका छन् । उनले भाषा पनि तदनुरूप नै चल्छ भन्ने मान्यता राखेर आदिम समाजको छानबिन गरेका थिए (गौतम, २०७०, पृ. ८४) । अँध्यारो/उज्यालो, कालो/सेतो, जन्म/मृत्यु, प्रकृति/संस्कृति, धनी/गरिब, पुरूष/नारी, माथि/तल, विचार/भावनाजस्ता हजारौँ प्रकृतिपरक/संस्कृतिपरक तथा अन्य युग्मकहरू एकअर्काका विपरीत सम्बन्धका आधारमा अर्थपूर्ण हुन्छन् भन्ने मान्यता लेभिस्ट्राउसलगायत संरचनावादीको रहेको देखिन्छ ।

द्विचर विरोधलाई नवीन ढङ्गमा अगाडि बढाउने काम फ्रान्सेली दार्शनिक ज्याक्स डेरिडाबाट भएको पाइन्छ । संरचनावादी मान्यतामा टेकेर तिनैमाथि प्रहार गर्दै डेरिडाले यसलाई अघि बढाएको पाइन्छ । संरचनावादीहरू सामान्यतः पाठलाई द्विचर विरोधमा विभाजन गरेर मख्ख पर्छन् र आफ्नो काम तार्किक ढङ्गले कसरी अगाडि बढिरहेको छ भन्ने देखाउँछन् तर विनिर्माणले तिनै द्विचर विरोधमा टाँसिएर संरचनावादीहरूले धोखा पाइरहेका छन् भन्ने देखाउनुलाई बढी महत्त्व दिने गर्दछ (इगल्टन, सन् २००५, पृ. ११५ - ११६)। यसै सन्दर्भमा कौटुम्बिक व्यभिचार अथवा अगम्य गमनको निषेधका बारेको लेभिस्ट्राउसको विश्लेषणलाई डेरिडाले खण्डन गरेका छन् । उनले त्यस्तो व्यभिचारको निषेध सार्वभौमिकजस्तो देखिनाले यसलाई प्राकृतिक पनि भन्न सकिने र फेरि मानव-संस्कृति निषेधित हुनाले सांस्कृतिक पनि हुने भएकाले प्रकृति/संस्कृतिको द्विचर आफैमा खण्डित हुन्छ भन्ने देखाएका छन् (डेरिडा, सन् २००५, पृ. ३५७ - ५८) । डेरिडाका दृष्टिमा पाश्चात्य चिन्तन परम्परामा मूल खोज्ने धारणाले गर्दा द्विचर विरोधले प्राथमीकृत र द्वितीयकको अथवा मूल र अन्यको शृङ्खला नै बनाउँदै लगेको हो । द्विचरमध्ये जहिले पनि पहिलोले मूल्य पाएको र दोस्रो पछाडि परेको वा दबाइएको छ भन्ने उनको मान्यता रहेको छ । त्यसैले त्यसलाई उल्ट्याएर हेर्नुपर्छ भन्ने विनिर्माणको महत्त्वपूर्ण उद्घोष रहेको छ । यही धारणाकै कारण समाज, संस्कृति, राजनीति, परिवार आदि अनेक क्षेत्रमा धेरै वर्ग, सम्प्रदाय, व्यक्तिले आफू पछि परेको/पारिएको भन्ने बोधका साथ त्यसको विद्रोहमा लागेको देखिन्छ। नारीवाद, उत्तरउपनिवेशवाद जस्ता थुप्रै मान्यतालाई डेरिडाको द्विचर विरोधले निकै बल दिएको पनि छ ।

विविध मिथकको/शक्तिको निर्माण गर्दै समग्र पाश्चात्य चिन्तन परम्पराले हजारौँ द्विचरको निर्माण गरेको डेरिडा बताउँछन् । यद्यपि यस्ता द्विचरहरू पाश्चात्य सभ्यता/संस्कृतिमा मात्र नभएर सिङ्गो मानवीय सभ्यतामा जहाँ पनि देख्न सकिन्छ । विनिर्माणले द्विचर विरोधको व्याख्याबाट समग्र चिन्तन परम्पराले कसरी निर्धारितता/निश्चिततालाई विशेषीकरण गर्ने प्रयत्न गरेको छ भन्ने कुरालाई देखाएको छ (विजया, सन् २००९, पृ. ३०) । त्यस्तो निर्धारितता तथा प्राथमीकृतको अवधारणालाई विनिर्माणिक व्याख्याताले उल्ट्याएर देखाउनुपर्छ भन्ने डेरिडाको मत रहेको छ तर यसलाई उल्ट्याउँदा फेरि दोस्रो पहिलो बन्न जाने र पहिलो दोस्रो बन्न जाने भएकाले त्यस्तो उल्ट्याइ अर्को शब्दकेन्द्रिक बन्न पुग्छ, त्यसैले उनी द्विचर विरोधको सीमालाई खारेज गर्दै मूल्याङ्कनलाई वा उच्चावचक्रमलाई वा अग्लाइहोचाइलाई प्रश्नाङ्कित गरियोस् भन्ने चाहन्छन् (गौतम, २०७१, पृ. ९३) । द्विचर विरोध तथा शब्दकेन्द्रवादबाट बाहिर जान गाह्रो भए पनि यिनलाई सदैव कमजोर पारिरहनु पर्ने कुरामा डेरिडाको जोड रहेको देखिन्छ ।

कृतिको विनिर्माणिक विश्लेषणमा द्विचर विरोधलाई दुई किसिमले उपयोग गर्न सकिन्छ । पहिलो, यदि कुनै कृति विनिर्माणिक पद्धतिको उपयोग गरेर सिर्जन/लेखन गरिएको छ र त्यसलाई विनिर्माणिक कृति

हो भनेर ठहऱ्याउने उद्देश्य राखिएको छ भने त्यसमा कृतिले परम्परागत रूपमा रहेका त्यस्ता कुन कुन द्विचर विरोधहरूलाई उल्लापाल्टी पारेर एउटाको अर्कामाथिको दमनलाई चिरेको छ र अर्थगत अनिश्चिततातिर कसरी गएको छ भन्ने कुरा देखाउँदै कृतिलाई विनिर्माणिक हो भनेर चिनाउन सकिन्छ । दोस्रोमा, जुनसुकै पनि कृतिमा प्रयुक्त भएका थुप्रै द्विचर विरोधहरूलाई पत्ता लगाउँदै तिनको विश्लेषणद्वारा कृतिगत अर्थलाई अपोरियातर्फ लैजान सकिन्छ । जुनसुकै पनि पाठमा यस्ता विरोधी जोडाहरू हुने भएकाले व्याख्याताले तिनलाई पत्ता लगाउनुपर्छ र चिन्तनको विशेषाधिकारलाई त्यसैमा रहेका द्वन्द्व तथा विरोधाभासका आधारमा विश्लेषण गर्दै अघि बढ्नुपर्छ । तर यसलाई प्रयोग गर्ने सन्दर्भमा समालोचक/व्याख्याता एउटा द्विचर विरोधका ठाउँमा उल्लापाल्टी पारेर अर्को द्विचर विरोध खडा नहोस् भन्नेमा सचेत रहँदै द्विचर विरोधले निर्धारित गर्ने निश्चितता तथा दमनलाई कमजोर तुल्याएर अर्थगत अनिश्चितता तथा हेपिएकालाई समकक्षमा उभ्याउनुमा लाग्नुपर्ने हुन्छ । यस अध्ययनका सन्दर्भमा भने मूलतः पहिलो पद्धतिको उपयोग गरिएको छ ।

**विमर्श र नतिजा**

'विवस्त्र रामायण' विनिर्मित कथा हो । संस्कृत भाषाको आदिकाव्य रामायणबाट यसले वस्तु लिएको छ । रामायणबाट लिएको वस्तुलाई यसले मूलतः दुई सन्दर्भबाट प्रस्तुत गरेको छ । पहिलो, रामायणबाट वस्तु लिएर त्यहाँ स्थापित सत्यलाई तोडेको वा फरक कोणबाट विश्लेषण गरेको छ र दोस्रो, त्यसमै जादुमय यथार्थवादी शैलीको उपयोग गरेर वर्तमान सन्दर्भलाई समेत मिश्रण गरी व्यङ्ग्यार्थका अनेक रूप व्यञ्जित गरेको छ । अर्थ निस्पादनका यी दुबै महत्त्वपूर्ण सन्दर्भमा मूलतः विनिर्माणले व्याख्या गरेको द्विचर विरोधलाई कथामा अवलम्बन गरेको देखिन्छ । रामायणमा खास गरी पुरूष, दैवी, संस्कृति, आदर्श, नैतिक आदिलाई परम्परा व्याख्यायित पहिलो श्रेणीमा राखिएको छ । पहिलो श्रेणीमा राख्नुपर्ने आफ्नै तात्कालिक मानकहरू रामायणमा विद्यमान छन् । 'विवस्त्र रामायण' कथामा रामायणमा पहिलो दर्जामा राखेका ती परम्परित जड अर्थलाई नारी, मानवीय, प्रकृति, यथार्थ, अनैतिक आदिबाट पुनर्पठन गरी नवीन सत्यको सन्धान गरिएको छ । तसर्थ तिनलाई कसरी पुनर्पठन गरिएको छ भन्ने बारेमा दुबै पाठबाट साक्ष्यसहित यहाँ विश्लेषण गरिएको छ :

***पुरुष/नारी***

पुरूष/नारीको द्विचर रामायणमा स्थापित द्विचर हो । पुरूषलाई प्रधान वा श्रेष्ठ मान्दै नारीलाई द्वितीयक रूपमा त्यहाँ प्रस्तुत गरिएको छ । पुरूष शक्तिको वा सत्ताको केन्द्रमा रहने र नारीले उसको सेवामा रहनुपर्ने विमर्श स्थापित गर्न रामायण सफल रहेको छ ।

वाल्मीकि रामायण, अयोध्या काण्डको ११७ औँ अध्यायका २४-२९ श्लोकमा अनुसूयाले सीतालाई उपदेश दिने सन्दर्भमा पति वा पुरूषको महत्त्व बताएकी छन् । त्यस सन्दर्भमा उनले पति खराब स्वभावको, आफ्नो मन लागेको काम गर्ने तथा धनहीन नै भए पनि उत्तम स्वभाव भएकी नारीका लागि ती श्रेष्ठ देवता समानका हुन्छन् । पतिभन्दा ठुलो नारीका लागि कोही हुँदैन । पतिमाथि शासन गर्ने नारीमा गुणदोषको ज्ञान हुँदैन । ती कामको अधीनमा रहने व्यभिचारिणी हुन्छन् र इच्छानुसार यताउता विचरण गरिरहन्छन् । ती अनुचित काममा फँसेर धर्मबाट भ्रष्ट भई अपयश प्राप्त गर्दछन् तर तिमीसमान उत्तम गुणले भरिएका नारी पुण्यकर्ममा संलग्न रहँदै अरू पुण्यात्मा जस्तै स्वर्गलोकमा विचरण गर्दछन् भन्ने बताएकी छन् (पृ. ४६७-६८)।

अयोध्या काण्डकै ११८औँ अध्यायमा सीताले अनुसूयालाई श्रेष्ठ नारी बताउँदै ती कुरा आफूलाई पहिल्यै ज्ञात भएको र आफ्ना पति (राम) चरित्रहीन वा गरिब भएका भए पनि कुनै दुबिधाविना आफूले उनको सेवा गरिरहने भन्दै सहमति जनाएकी छन् (पृ. ४६८) । यही एउटा उदाहरणले नै स्पष्ट देखाउँदछ कि रामायणले पुरूषको महत्ता स्थापित गरेको छ र नारीलाई केवल उसकी सेविकाका रूपमा प्रस्तुत गरेको छ ।

रामायणको यस स्थापनालाई तोड्दै वा पुरूष/नारीको द्विचरलाई उल्ट्याउँदै 'विवस्त्र रामायण' कथाले नारीको महत्तालाई प्रस्तुत गर्न खोजेको छ । मिनाक्षी (शूर्पणखा) का दृष्टिबिन्दुबाट कथा बुनिनु तथा मैथिली (सीता) लाई महत्त्व दिएर घटना अघि बढेबाट नै पुरूष/नारीको द्विचर उल्टिएको देखिन्छ । आत्मकथामा विद्रोह बोलिरहेकी मैथिली अनि काठमाडौँ जिल्ला अदालतमा विदेशी मुद्रा विनिमय भ्रष्टाचार र किर्ते दस्तखतमा मुद्दा खेपिरहेका राम (थापा, २०७४, पृ. १६७) को स्थितिलाई देखाएर परम्परागत आदर्श वा मयादापुरूषोत्तम राम तथा सहनशील, पतिभक्त सीताको चरित्रलाई यहाँ विनिर्माण गरिएको छ । सीताले लेखेको र सम्पादनका लागि मिनाक्षीकहाँ आइपुगेको आत्मकथाको निम्न अंशले सीता र रामको चरित्रको पुनर्निर्माणलाई देखाएका छन् :

> मेरा जीवनका सन्दर्भ र प्रसङ्गहरू थुप्रै नारीका लागि पासबन्ध बने । मेरो उदाहरण दिएर जुन स्वास्नीमानिसलाई 'मौन अनुयायी' र 'भर्ताप्रतिच्छाया' बनाइयो उनीहरूसित माफी माग्दै छु । उनीहरूमाथि भएका समरूप अस्तित्वदमनमा धेरै हदसम्म मेरो मौनता पनि दोषी छ । मेरो मौनतालाई सर्वकालीन स्वीकृतसहमति बनाएर अर्थ्याउँदा पनि म मौन रहेँ, जुन कालान्तर मा सम्म स्वास्नीमानिसहरूका लागि पीडक र उत्पातक बन्न पुग्यो ।
>
> मेरो जीवन श्री कौशल्यासुत रामानन्दजीकी सहधर्मिणी अथवा भनौँ भर्ताप्रतिच्छाया बनेर बित्छ जस्तो लागेको थियो । एकपत्नीनिष्ठावानकी भार्या- रामजाया ! अहिले सुन्दा कम्ता हास्यास्पद लाग्दैन यो परिचय । तर यस्तै अर्थ्याइएको थियो मेरो परिचयलाई । (पृ. १५५)

उपर्युक्त अभिव्यक्तिले माथि प्रस्तुत गरिएको रामायणको सन्दर्भलाई नै काटेर नयाँ सत्य उद्घाटन गरेको देखिन्छ । रामायणमा अनुसूयाले स्त्रीको हित हुने वचनस्वरूप पतिभक्त बन्न सीतालाई दिएको अर्ती र त्यसलाई सहर्ष स्वीकार गरेकी सीताको स्थिथिलाई उल्ट्याउँदै कथाको यस उद्धृतांशले रामायणको सत्यलाई निर्मित सत्य भनी देखाएको छ । नारीलाई दमन गर्ने त्यस्तो विमर्श वा सत्यका विरूद्ध अहिले मैथिलीले त्यस्तो जीवन बचाइलाई हास्यास्पद मान्दै त्यस विरूद्ध आवाज उठाएकी छन् ।

वाल्मीकि रामायण, अरण्य काण्डको चौवालिसौँ र पैँचालिसौँ अध्यायमा जब सुवर्ण रूपधारी राक्षस मारीचलाई रामले वाण हानेपछि 'हा सिते ! हा लक्ष्मण !' भन्दै मारीच चर्को करायो, त्यो सुनेर सीताले राम सङ्कटमा परेको बुझ्नि् । लक्ष्मणलाई तुरून्त रामको सहयोगका लागि जान आग्रह गरिन् । लक्ष्मणले छल हो भनेर सम्झाउँदा नमानेपछि आवेशमा सीताले भाउजू पाउने मोहले सहयोग गर्न नगएको भनेपछि लक्ष्मणले प्रयोग गरेको अभिव्यक्ति समग्र नारी जातिलाई अपमान गर्ने खालको आएको देखिन्छ । उनले त्यस्तो अनुचित र प्रतिकूल कुरा मुखबाट निकाल्नु नारीका लागि कुनै आश्चर्यको कुरा नभएको किनभने संसारमा यस्तै नारी आफूले धेरै देखेको बताएका छन् । साथै उनले नारीहरू विनय र धर्मले रहित, कठोर तथा घरमा

भाँडभैलो मच्चाउने खालका हुन्छन् भन्ने पनि आरोप लगाएका छन् (पृ. ५६७-६८) । सीताले आवेशमा नै भए पनि लक्ष्मणलाई मात्र दोष लगाएकी तर लक्ष्मणले भने शान्त भावमै केवल सीतामाथि मात्र नभएर सिङ्गो नारी जातिमाथि आक्षेप लगाएको प्रसङ्गले रामायणमा नारीलाई द्वितीयक बनाएको प्रस्ट हुन्छ । अथवा नारीको 'तुच्छता'को चित्रण गर्दै पुरूष हुनुको घमण्ड यसले प्रस्तुत गरेको छ ।

'विवस्त्र रामायण' कथामा सिङ्गो कथाभरि नै लक्ष्मणभन्दा निकै तर्कशील, शक्तिशाली र प्रभावशाली बनेर मिनाक्षी (शूर्पणखा) देखिनुले पनि यहाँ पुरूष/नारीको द्विचर उल्टिएको देखिन्छ । त्यस्तै कथामा प्रस्तुत मिथिलाको आत्मकथाको निम्न अंशले नारीको, परम्पराले चाहेको नारी र उसको आफ्नो रूचिलाई सङ्केत गर्दै नारीपक्षीय कोणबाट रामायणीय विमर्श उल्ट्याएको छ :

> हाम्रो दाम्पत्य जीवनबारे सर्वस्तुत्य ग्रन्थ रचिने कुरा चल्दै थियो । समयलाई अलौकिक कथा चाहिएको थियो । समाजलाई कालजयी नायक र नायिकाको खाँचो थियो । साधारण कथाको असाधारण लेखनमार्फत मेरो काल्पनिक स्वरूप निर्माण हुँदै गयो ।
>
> आफ्नो अलौकिक चित्रणमा रम्दै म आफुलाई बिर्सिँदै गएँ ।
>
> अग्रजका उपदेश, विचार र विश्वदृष्टिले मलाई गाल्दै गए । पग्लिँदै गएँ मैन पग्ले सरह र ढल्दै गएँ नयाँ स्वरूप र आचारविचारमा । थाहा नपाउँदै मेरो आफ्नो भन्ने केही बाँकी रहेन । आफ्नो पतिको पछि हिँड्ने मौन छायामा परिवर्तित भएकी आफैलाई जानकारी भएन । (थापा, २०७४, पृ. १५६)

उपर्युक्त कथनले रामायणमा वा परम्परामा नारीलाई कुन रूपमा हेर्न चाह गरिन्थ्यो र नारी पनि कसरी त्यो सामाजिक विमर्शमा विवश बन्दै गइरहेका थिए भन्ने सन्दर्भलाई देखाउँछ । यसले सामाजिक विमर्शले परम्परामा स्थापित गरेको नारीको रूपलाई चिर्दै अघि बढ्नुपर्ने कुरा लक्षित गरेको छ ।

विनिर्माणले अपेक्षा गरेअनुरूप द्विचर उल्टिएर शिथिल हुँदै दूस्तरता वा अपोरियासम्म नपुगे पनि रामायणमा स्थापित पुरूष/नारीको द्विचर उल्टिएर नारी/पुरूष भएको छ । यद्यपि यो रामायणको जस्तो पुरूषको अधीनमा नभएर करिब समकक्ष (विद्रोह देखाउँदा पुरूषलाई सारै हीन देखाए पनि) मा उभिएको देखिन्छ ।

***संस्कृति/प्रकृति तथा नैतिक/अनैतिक***

रामायण संस्कृतिप्रधान तथा नीतिप्रधान महाकाव्य हो । संस्कृति तथा नीतिलाई प्रधान मानेकै कारण हातमा आइसकेको राजपाट सहज रूपमा त्यागेर राम वनबास गएका थिए । दिएको वचन पालन गर्नुपर्छ भन्ने संस्कृतिकै कारण राजा दशरथ पनि कैकेयीका अघि नतमस्तक बन्न पुगे । भरतले रामलाई अयोध्या फिर्न आग्रह गरेकै समयमा ब्राह्मणशिरोमणि जाबालिले पिता भनेका केवल निमित्त मात्र हुन्, तिम्रो जन्ममा तिनको भूमिका भनेको विर्यलाई रजसँग भेट गराउनु मात्र हो; उनी फरक हुन् र तिमी फरक छौ तसर्थ तुरून्त अयोध्या फर्की राजकाज चलाऊ (पृ. ४४८) भन्दा पनि पिताको वचन हार्न नहुने संस्कार/संस्कृतिकै मान्यताले रामले अयोध्या फिर्न अस्वीकार गरे । शूर्पणखाको यौनाग्रहलाई प्रकृतिवश ग्रहण गर्न खोजे जस्तो देखिए पनि (दाजुभाइ उनीसँग जिस्किएकाले पृ. ५१०-५१२) संस्कृतिवश शूर्पणखालाई कामोत्तेजक, कुरूप,

व्यभिचारिणी भन्दै नाककान काटिदिए (पृ. ५१२) । यस्ता थुप्रै उदाहरण रामायणमा पाउन सकिन्छ जसले रामायण संस्कृति तथा नीतिप्रधान काव्य हो भन्ने पुष्टि हुन्छ ।

'विवस्त्र रामायण' कथाले संस्कृति/प्रकृतिको द्विचर उल्ट्याएर प्रकृतिका दृष्टिबाट कथानक अघि बढाएको छ । संस्कृतिले गर्दा रामायणमा धैर्य र सहनशीलताकी प्रतिमूर्ति बनेकी सीताको व्यक्तित्वलाई कथाले विनिर्माण गरेको छ । संस्कृति वा परम्परित आदर्शलाई निर्वहन गर्दागर्दै उनी मानसिक विक्षिप्तीको अवस्थामा पुगेको कुरा कथामा प्रस्तुत गरिएको छ (थापा, २०७४, पृ. १५८) । मान्छे मूलतः प्रकृति हो र त्यसअनुरूप उसका स्वाभाविक आकाङ्क्षाहरू हुन्छन् । ती पूरा हुन नसक्दा ऊ विक्षिप्तीको अवस्थामा पुग्छ भन्ने मनोवैज्ञानिक मान्यताको आड लिँदै कथामा सीताको चरित्रको पुनर्निर्माण गरिएको छ :

> सर्वोत्कृष्ट नारी व्यक्तित्वलाई दिइने विश्वप्रसिद्ध पुरस्कार 'ब्रह्माण्ड तितीक्षा'को घोषणा भएको थियो । सहनशीलता र मौनताकी देवी भनेर विश्वविख्यात भएकी मभन्दा उचित पुरस्कारको दाबेदार पात्र अरू कोही थिएन । पुरस्कार मैले नै पाउने भएँ । आयोजकले हामीलाई होटल जानकी इन्टरनेसनलमा बस्ने व्यवस्था मिलाएका थिए ।
>
> ...
>
> त्यस दिनको व्यस्तताले गर्दा राति हामी ढिलो सुत्यौँ ।
>
> खै कुन वेला हो ... । आफू बसेको आठौँ तलाको कोठाको ढोका उघारेर अर्धचेत अवस्थामा चिच्याउँदै होटल करिडरमा कुदैँछु म । ...लबीको अर्को कुनामा रहेको झ्याल खोलेर हाम फाल्न खोज्दै थिएँ रे गार्डले च्याप्प समातेछ । ... श्री रामानन्दजीलाई सरम लागेर मर्नु भएको थियो अरे । (पृ. १५८-५९)

मान्छेले निर्माण गरेका यावत् कुरा स्वयम् उसको जीवनका लागि हो । संस्कृति पनि मान्छेले निर्माण गरेको हो तर त्यही संस्कृतिकै कारण नारीहरूले हजारौँ वर्षदेखि बनावटी र दमित जीवन बाँच्नुपरेको सत्यलाई उपर्युक्त कथांशले देखाएको छ । जादुमय यथार्थवादी शैलीमा वर्तमानसम्म तन्केको कथाको यस अंशले संस्कृतिका नाममा प्रकृतिलाई दमन गर्दा मान्छे असहज अवस्थामा पुगेर मृत्युवरणसम्म गर्न पुग्ने अवस्था सिर्जना हुन सक्छ भन्ने सत्य प्रस्तुत गरेको छ ।

संस्कृति/प्रकृति र अझ नैतिक/अनैतिकको द्विचर लक्ष्मण र मिनाक्षी (शूर्पणखा) का संवादमार्फत निकै मारक रूपमा प्रस्तुत भएका छन् । रामायणमा सुन्दर युवक देखेर सहज प्रकृतिवश आकर्शित हुँदै सहवासको कामनासहित रामसँग आग्रह गर्न पुगेकी शूर्पणखाको नाककान काटिएको छ । त्यस्तो आग्रह गरेकामा कामुक व्यभिचारिणीको आरोपसमेत लगाइएको छ । 'विवस्त्र रामायण' कथामा जादुमय यथार्थवादी शैलीमा वर्तमानसम्म आइपुगेकी मिनाक्षीलाई देखेर चिने चिने जस्तो मानेको लक्ष्मणका बिच लामै संवाद प्रस्तुत भएको छ :

> परिहास गरे जस्तो मिनाक्षीको कुरा उडायो, 'कि तपाईंले रामायण राम्ररी पढ्नु भा' छैन ?'
>
> 'लेखिए जति सबै रामायण पढेको दाबी म गर्दिनँ । तर फोटोकपीका कपीहरूमा महिमामण्डित मर्यादापुरूषेत्तम र उनका भातृभक्त लक्ष्मणको अचाक्ली गुणगान छ । ताडका, शूर्पणखा,

मन्दोदरी, उर्मिला, अहिल्या, शबरी, त्रिजटा, कैकेयी, मन्थराहरू उपेक्षित रहेका छन् ।' मिनाक्षी तर्क गर्न तम्तयार भई ।

शूर्पणखाको नाम सुन्ने बित्तिकै लक्ष्मण पड्क्यो, 'त्यो कामोत्तेजक रौरव शूर्पणखाको कुरा नगर्नोस् ...', तर तुरुन्तै माफी माग्यो 'माफ गर्नुहोला 'पोलिटिकल्ली करेक्ट' भइन । अहिले त राक्षसलाई राक्षस र कालीलाई काली पनि भन्न मिल्दैन ।'

मिनाक्षी हाँसी, तपाईं निर्धक्क भएर राक्षसी र काली भन्न सक्नुहुन्छ । तपाईंलाई थाहा रहेनछ, हिजोआज युवतीहरूले आफ्नो साहित्यिक उपनाम शूर्पणखा लेख्न थालेका छन् । वाल्मीकिले शूर्पणखालाई 'कामोत्तेजक कलङ्किनी'को रूपमा प्रस्तुत गरेर 'स्लट सेमिङ' गरेको कुरा धेरैले बुझिसकेका छन् ।

...

तपाईंहरूको गलत बुझाइले गर्दा शूर्पणखाको इच्छा अभिव्यक्ति अनैतिक ठहरियो तर तपाईंहरू ऊसित जिस्केको नैतिक ...?' (पृ. १७३-७५)

यस उद्धृतांश तथा कथामा अभिव्यक्त संवादका अन्य रूपबाट नैतिक/अनैतिकको द्विचर उल्टिएको देखिन्छ । नैतिक र अनैतिक भन्ने कुरा निर्मित विमर्श भएको र त्यसले पुरूषका हकमा खासै अर्थ नराख्ने तर महिलाका हकमा त्यो जघन्य अपराध ठहरिने रामायणीय अर्थलाई तोड्दै कथाले नैतिकतामाथि गम्भीर प्रश्न उठाएको छ । कतिसम्म भए नैतिक र कतिभन्दा बढी भए अनैतिक ? यसको जवाफ कथाले खोजेको छ । खासगरी यौन जस्तो सहज प्राकृतिक आवश्यकतामा पुरूष सधैँ स्वेच्छाचारी बनेको र महिलाले मात्रै नैतिक वा मर्यादाको पर्खालभित्र कुण्ठित हुनुपरेको परम्परित सत्यलाई देखाउँदै नैतिक र अनैतिकको मान्यता केवल विमर्श मात्रै हो वा निर्मित सत्य मात्रै हो भन्ने देखाएर त्यसलाई भत्काएको छ । कथामा आएका द्विचरमध्ये यो उल्टिएर दूस्तरता वा अपोरियासम्म पुगेको छ अथवा विनिर्माणले व्याख्या गरेअनुरूपको द्विचर विरोधको मान्यता यसमा घटित भएको देखिन्छ ।

***दैवी/मानवीय तथा देव/दानव***

वाल्मीकीकृत रामायण दैवीशक्तिप्रेरित काव्य हो । कामातुर क्रौञ्चपक्षी (कऱ्याङकुरूङ) लाई व्याधाले वाण हानी मारेको देखेर शोकविह्वल भएका वाल्मीकिको मुखबाट निस्किएको श्लोक सुनेपछि ब्रह्मदेवले उनलाई नारदले बताएको कथानुसार रामायण लेख्न प्रेरित गरेको कुरा वाल्मीकि रामायणमा उल्लेख गरिएको छ (पृ. ३४) । यसै सन्दर्भमा रामका अनेक गुणको बयान गर्दै उनलाई 'भगवान्' भनिएको छ । विश्वामित्रको आग्रहले मारीच र सुबाहु जस्ता राक्षस मार्न जाने तथा राजपाट त्यागेर वनबास जाने सन्दर्भमा विभिन्न श्रापवश पत्थर भएका तथा राक्षसयोनीमा जन्मिएका अहल्यालगायत थुप्रैको मुक्ति पनि रामकै कारण भएको देखाइएको छ । त्यस्तै सीताको स्वयंवर समारोहमा राखिएको धनुमा देवता, यक्ष, गन्धर्व, असुर आदि कसैले पनि ताँदो चढाउन नसकेको तर रामले खेल खेले जस्तै गरी ताँदो चढाएको अनि धनु भाँचिएपछि त्यसको आवाजले राम र लक्ष्मणबाहेक सबै बेहोस भएको सन्दर्भ (पृ. १५७) ले पनि उनीहरू दैवीगुणयुक्त पात्र हुन् भन्ने देखाउँछ । आदिदेखि अन्त्यसम्म नै राम, लक्ष्मण तथा सीता जस्ता मुख्य पात्रलाई विशिष्ट गुणसम्पन्न

वा दैवीगुणसम्पन्न व्यक्तिका रूपमा चित्रित गरिएको छ । त्यस्तै रावण तथा उनकी बहिनी शूर्पणखालाई दानवीय वा राक्षसीका रूपमा प्रस्तुत गरिएको छ ।

'विवस्त्र रामायण' कथामा रामायणमा दैवी/देव तथा दानव पात्रहरू मानवीय स्वरूपमा रूपान्तरित भएका छन् । विशिष्ट शक्तिसम्पन्न राम भष्ट्राचार र किर्ते दस्तखत अभियोगमा मुद्दा खेपिरहेका छन् । अदालती कार्यका लागि पैसाको अभाव भएकाले बन्दोबस्त गर्न लक्ष्मण भाउजू मिथिलाको नाममा रहेको जनकपुरको जग्गा बेच्न त्यसतर्फ गइरहेका छन् । सीता विक्षिप्त अवस्थामा छिन् र आफूलाई स्वाभाविक रूपमा ल्याउने प्रयास गर्दै आत्मकथा लेखिरहेकी छन् । रामायणले दबाएका थुप्रै कुराको रहस्योद्घाटन गरेर उनले आत्मकथा लेखेकी छन् । मिनाक्षी वा शूर्पणखा प्रकाशन गृहको जागिर छाडेर लेखनमा व्यस्त छिन् । लक्ष्मणको प्रश्नमा उनी 'विवस्त्र रामायण' लेख्दै छु भनी यस्तो जवाफ दिन्छिन् :

> 'विवस्त्र रामायण भनेको परम्परावादी पाखण्डबिनाको उदाङ्गो रामायण हो । अर्को शब्दमा भन्ने हो भने नाङ्गो रामायण ।' हाँस्दा दाँतमा कसेको ब्रेस देखियो । दुबै गालामा बनेका सानो खोपिल्टोले मिनाक्षी झन् राम्री देखिई ।
>
> 'सयभन्दा बढी भाषामा रामायण लेखिएका छन् । कसले पढ्छ अचेल रामायण ?' मिनाक्षी जिस्के जस्तो लाग्यो लक्ष्मणलाई । पत्याएन ।
>
> 'तपाईंले भनेको सत्य हो । थुप्रै रामायण लेखएका छन्, वाल्मीकि रामायण, तुलसीदास रामायण, अगस्तेय रामायण, भानुभक्त रामायण र अरू अनगिन्ती रामायण ! तर प्रायजसो सबै रामायण फोटोकपीका पुनर्उत्पादित कपी हुन् । ती कपीहरू नरदृष्टिले देखेका र लेखेका नरलीला कलेवर हुन् । सङ्क्षिप्तमा भन्ने हो भने एकपक्षीय पुंजातीय सरितसिन्धु ...!' (थापा, २०७४, पृ. १६८-६९)

यस कथांशले पनि देखाएको छ, वाल्मीकिदेखि भानुभक्तसम्मका सबै रामायण पुरूष तथा दैवीकेन्द्री बनेर श्रद्धावश लेखिए अब लेखिने रामायण नाङ्गो वा विवस्त्र हुनेछ । एकपक्षीय वा प्राथमीकृत रूपबाट पर रहेर त्यो लेखिनेछ । यसरी हेर्दा 'विवस्त्र रामायण' कथाले दैवीको केन्द्रलाई पूरै उल्ट्याएर र अझ दैवीको विमर्शलाई शून्य बनाउँदै मानवीय दृष्टिबाट दैवी/मानवीय द्विचरलाई तोडेको छ । देव/दानवको द्विचरलाई पनि दुबैको अस्तित्व अस्वीकार गरी मानवीय कोणबाटै त्यसलाई प्रतिस्थापित गरिएको छ । देव, दानव जस्ता कुरा मान्छेका विमर्शका नतिजा मात्र कुन्, तिनको खास अस्तित्व छैन भन्ने दृष्टिबाट कथाले ती द्विचरलाई तोडेको देखिन्छ ।

यिनका अतिरिक्त कथाले आदर्श/यथार्थ, निर्मित सत्य/सत्य वा सत्य/असत्य, धर्मग्रन्थ/काव्य, विश्वास/सत्य जस्ता स्थापित द्विचरलाई पनि तोडेको देखिन्छ ।

**निष्कर्ष**

'विवस्त्र रामायण' कथा रामायणबाट वस्तु लिएर वर्तमान सान्दर्भिकतासमेत प्रस्तुत गरेको कथा हो । जादुमय यथार्थवादी शैलीको उपयोग गर्दै रामायणकलीन समयदेखि वर्तमानसम्म केही पात्र र घटना कथामा आएका छन् । त्यसरी आएका घटना र पात्रले रामायणमा स्थापित र कतिपय सन्दर्भमा वर्तमानमा

समेत जरा गाडेर बसेका केही द्विचरलाई दरो गरी तोड्ने काम गरेका छन् । मूलतः रामायणमा पुरूष, संस्कृति, नैतिक, देव जस्ता मान्यता प्राथमिक वा श्रेष्ठ रूपमा स्थापित थिए र केही अद्यापि छँदै छन् । तिनले नारी, प्रकृति, अनैतिक, मानवीय, दानव जस्ता पात्र र प्रवृत्तिलाई द्वितीयक वा अधीनस्थ बनाएका थिए । यिनै द्वितीयक वा अधीनस्थका केन्द्रीयतामा कथाले प्राथमिक मानिएका मान्यतामाथि प्रहार गरेको छ । त्यसो गर्दा खासगरी पुरूष/नारी र संस्कृति/प्रकृतिको द्विचर उल्टिएर नारी/पुरुष तथा प्रकृति/संस्कृति बनेको देखिएको छ । यद्यपि रामायणमा जस्तो ती जड रूपमा प्राथमिक र द्वितीयक नबनेर केही खुकुलो हुँदै करिब समकक्षताको स्थिथिमा पुगेका देखिन्छन् । नैतिक/अनैतिकको द्विचर भने दूस्तरता वा अपोरियातर्फ अग्रसर भएको देखिन्छ । यसले नैतिक र अनैतिक केवल विमर्श निर्मित सत्य मात्र हुन् र ती आग्रही छन् भन्ने यथार्थलाई देखाएको छ । दैवी/मानवीय र देव/दानवको द्विचर पनि उल्टिएर पूरै मानवीय बन्न पुगेको स्थिति देखिन्छ । यिनमा खासगरी दैवी, देव र दानव जस्ता मान्यताप्रति असहमति व्यक्त गर्दै केवल मानवीयताका कोणबाट तिनलाई काटिएको छ । यसरी हेर्दा रामायणमा स्थापित केही द्विचर खुकुलिएका देखिन्छन् भने केही विनिर्माण सिद्धान्तले व्याख्या गरेअनुरूप दूस्तरता वा अपोरियातर्फ अग्रसर भएका देखिन्छन् । तसर्थ विनिर्माण व्याख्यायित द्विचर विरोधको मान्यतालाई कथाले सशक्त रूपमा अवलम्बन गरेको देखिन्छ । नेपाली साहत्यिमा विनिर्माणलाई उपयोग गर्दै विभिन्न विधामा सिर्जना गर्ने काम वृद्धि भइरहेकाले यस अध्ययनले तिनको विश्लेषणका लागि आधारभूत सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।

**सन्दर्भ सामग्री**

इगल्टन, टेरी (सन् २००५), *लिटरेरी थ्यौरी एन इन्ट्रोडक्सन*, (दोस्रो. संस्क), ब्ल्याकवेल पब्लिसिङ ।

कडन, जे. ए. (सन् १९९९), *द पेन्गुइन डिक्सनरी अफ लिटरेरी टर्मस् एन्ड लिटरेरी थ्यौरी*, (छैटौं सस्कं.), पेन्गुइन बुक्स ।

खनाल, सुलोचना (२०७५), कठपुतला कथासङ्ग्रहको विमर्श, *अवधारणा*, (५), ६५-७८ ।

गौतम, कृष्ण (२०७०), युग्मकको विनिर्माण : सङ्कर संस्कृतिको पहिचान, *भृकुटी*, (१९), ८४- ९१ ।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्त*, भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, जयदेव (सन् २०२२), कठपुतला अर्थात् एक निर्बन्ध कथासङ्ग्रह, https://sahityapost.com/gair-aakhyan/gair-aakhyan-samicha/72174/

डेरिडा, ज्याक (सन् २००५), *राइटिङ एन्ड डिफरेन्स*, (अनु. एलन बास), रूटलेज ।

तिम्सिना, यशोधा (२०७४), पढ्न लायक कथा, https://nepalmag.com.np/literature /2017/11/08/20171108181612

थपलिया, उषा (२०७४), अष्टरसको सँगालो कठपुतला, https://nagariknews.nagariknetwork.com/others/128109-1503726360.html

थापा, अर्चना (२०७४), *कठपुतला*, (दोस्रो. संस्क), अक्षर क्रिएसन्स नेपाल ।

नगरकोटी, कुमार (२०७४), तीन किताबे शोकसन्तप्त नेपाली साहित्य, https://nepalmag.com.np/literature/2018/03/05/20180305175102

पौडेल, सुरज (सन् २०२०), विवस्त्र राममायण कथामा नारीवाद, *कन्या जर्नल*, (२), ८७ - ९३ ।

भट्टराई, रमेशप्रसाद (२०६७), डेरिडा र विखण्डनवाद, *भृकुटी*, (१०), ३४२ - ६३ ।

लोहनी, राम (२०७४), कठपुतला : पाठकलाई चुनौती, https://ekantipur.com/koseli/2018/02/03/20180203085040.html

वाल्मीकि, (?), *श्रीमद्वाल्मीकीय रामायण*, गीताप्रेस ।

विजया, एम. (सन् २००९), *अ डिकन्स्ट्रक्टिभ एनालाइसिस अफ आर्ट बुचवाल्डस् एसेज*, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, अन्ना युनिभर्सिटी।

शर्मा, विन्दु (सन् २०२२), समकालीन नेपाली कथामा प्रयुक्त कथानकका स्रोत, *इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन*, ७, (२), २३ - ३५ ।

शर्मा, विष्णुप्रसाद (सन् २०२०), समकालीन नेपाली कथामा प्रयुक्त सीमान्तीय पात्रको पहिचान, प्रभुत्व र आवाज, *पृथ्वी जर्नल अफ रिसर्च एन्ड इनोभेसन*, (२), ५८ - ७३ ।